नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

आज मिति २०८३/०७/१० गतेका दिन शिक्षा तथा खेलकुद मन्त्री माननीय सस्मित पोखरलज्यू र नेपालका लागि साइप्रसका गैरआवासीय राजदूत इभागोरस थ्रीयोनिडेसबिच सिंहदरबारस्थित मन्त्रालयमा शिष्टाचार भेटवार्ता सम्पन्न भयो।

भेटका क्रममा महामहिम राजदूतले नेपाल र साइप्रसबिचको आपसी हित तथा द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउँदै उच्च शिक्षाको क्षेत्रमा सहकार्य विस्तार गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

माननीय मन्त्रीज्यूले साइप्रस नेपाली विद्यार्थीका लागि उच्च शिक्षा हासिल गर्ने गन्तव्य मुलुकमध्ये एक रहेको, उच्च शिक्षा अध्ययन गर्न जाने नेपाली विद्यार्थीका लागि वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) उपलब्ध गराउने तथा प्राप्त शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्ने प्रक्रियालाई सहज बनाउन मन्त्रालयले काम गरिरहेको बताउनुभयो।

अन्त्यमा, साइप्रसले नेपालको उच्च शिक्षा क्षेत्रमा पुऱ्याउँदै आएको सहयोग प्रति आभार व्यक्त गर्दै माननीय मन्त्रीज्यूले आपसी हित तथा द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउँदै उच्च शिक्षाको क्षेत्रमा साइप्रस सरकारसँगको सहकार्यलाई आगामी दिनमा निरन्तरता दिने विश्वास व्यक्त गर्नुभयो।

श्रीप्रसाद भट्टराई
प्रवक्ता एवम् सहसचिव

मितिः २०८३/०७/१०
नेपाल संवत् ११४६

फोन नं.:
वेबसाइट :